आज मिति २०८०/५/२१ गते बिहिबारका दिन यस सुनकोशी गाउँपालिका सिन्धुपाल्चोकका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा कार्यपालिका बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १- | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २- | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३- | वडा अध्यक्ष | कुमार शाही | |
| ४- | वडा अध्यक्ष | पूर्ण बहादुर महत | |
| ५- | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६- | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७- | वडा अध्यक्ष | जाल बहादुर तामाङ | |
| ८- | वडा अध्यक्ष | चक्र बहादुर बस्नेत | |
| ९- | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०- | का.पा. सदश्य | पुतली कामी | |
| ११- | का.पा. सदश्य | कमला रोका | |
| १२- | का.पा. सदश्य | कौशल्या सापकोटा | |
| १३- | का.पा. सदश्य | मसली सार्की | |
| १४- | का.पा. सदश्य | राजेन्द्र घतानी | |
| १५- | का.पा. सदश्य | गृबेन्द्र माझी | |
| १६- | सचिव | युग बहादुर खड्का | |

CamScanner

**गाउँ कार्यपालिकाको तेस्रो बैठकको लागि छलफलको विषयवस्तु**

१. मोटर बाटो (चाडपर्व लक्षित सडक) सरसफाई गर्ने सम्वन्धमा ।
२. विभिन्न योजनाहरुको सञ्चालन र कार्य सम्पन्न गर्ने सम्वन्धमा ।
३. लम्पी स्कीन रोग, रोकथाम कार्यमा खटिएका स्वयंसेवकहरुको पारिश्रमिक भुक्तानी दिने सम्वन्धमा ।
४. आ.व. २०७९/८० मा सञ्चालित योजना तथा कार्यक्रमहरुको बार्षिक समीक्षा बैठक बस्ने सम्वन्धमा ।
५. कक्षा ६ को दिवा खाजा रकम भुक्तानी दिने सम्बन्धमा ।
६. कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने सम्वन्धमा ।
७. एक एक पाईला अस्पताल (सुनकोशी आभारभूत अस्पताल) हाल यस सुनकोशी गाउँपालिकाको आधारभूत अस्पतालका लागि एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।
८. वड़ा कार्यालयको अतिरिक्त अन्य स्थानबाट सेवा सञ्चालन गर्ने सम्बन्धमा ।
९. तीज कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग उपलब्ध गर्ने सम्बन्धमा ।
१०. शिक्षक व्यवस्थापन र ईसिडि दरबन्दी थप गर्ने सम्वन्धमा ।
११. रासायनिक मात्रको विक्री मूल्य स्वीकृत गर्ने सम्बन्धमा ।
१२. अव्यवस्थित बसोबासी प्रमाणित सिफारिस सम्बन्धमा ।
१३. मोटरसाईकल खरीद एवं भुक्तानी दिने सम्बन्धमा ।
१४. चालु आ.व.को लागि तारजाली र पाईप खरीद गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

१.प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकाको ७ (सात) वटै वडाहरुमा बर्षादको कारण पहिरो गई, रुख ढली, माटोको ढिस्को खस्न गई मोटर बाटो अवरुद्द भएको कारण सवारी साधन र मानिसहरु आवतजावत गर्न कठिनाई भएको र नजिकै आईरहेको समस्त नेपालीहरुको महान चाड दशैलाई समेत मध्यनजर गर्दै सबै वडाहरुको मोटर बाटो सरसफाई गर्नुपर्ने एवं पहिरो र माटोको ढिस्कोहरु हटाउनुपर्ने भएकोले तत्कालै वडा अध्यक्ष ज्यूहरुले आ-आफ्नो वडामा वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरीय बैटक बसी सडक सर सफाईका लागि के कति रकम आवश्यक पर्छ सो कार्यका लागि आ-आफ्नो वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीको सहयोग लिई प्राविधिक लगत स्टमेट तयार गरी पालिकामा पेश गर्ने र सोको आधारमा बजेट सुनकोशी गाउँपालिकाको मर्मत सम्भार कोषबाट खर्च गर्ने र सव कार्य गराउँदा उपभोक्ता समिति गठन गरी अवरुद्द भएको सडक सरसफाई कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

टंकेन्द्र प्रसाद सिमखडा
गा.पा. अध्यक्ष

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा सुनकोशी गाउँपालिकामा सञ्चालित विभिन्न प्रकारका आयोजनाहरु सम्पन्न गर्ने कार्यको लागि पालिकाको आफ्नै आन्तरिक स्रोत, बागमती प्रदेश सरकार र केन्द्र सरकारवाट प्राप्त स्वीकृत बजेट वाट कार्य सम्पन्न गर्ने सम्बन्धमा छलफल हुँदा रु.१५ (पन्ध्र) लाख रुपैयाँ सम्म बजेट खर्च हुने आयोजनाहरु उपभोक्ता समितिहरुबाट र सो भन्दा माथीको बजेट कार्यान्वयन गर्दा टेण्डर प्रकृयाबाट आयोजनाहरु सम्पन्न गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथी छलफल गर्दा लम्पी स्कीन रोग रोकथाम कार्यमा खटिएका स्वयंसेवकहरुको पारिश्रमिक भुक्तानी दिने सम्बन्धमा छलफल हुँदा निम्नानुसार कर्मचारीहरुले निम्नानुसार अवधिदेखि लम्पी स्कीन रोगको महामारी फैलिएको अवधिमा कार्यालयको समन्वयमा कामकाज खटिएका र सोही रोगको महामारीमा पशुजन्य रोगको रोकथामको लागि यस कार्यालयमा सहायक चौथो तहमा कार्यरत कर्मचारीहरु पशु प्राविधिक श्री रामचन्द्र जिसी र कृषि प्राविधिक श्री सीताराम खरेल समेतले कार्यालय समयका अतिरिक्त विहान, बेलुका र रात्रीको समयमा समेत खटिई कामकाज गरेको हुँदा माथी उल्लेखित कर्मचारीहरुका लागि निम्नानुसार पारिश्रमिक र सधन्यवाद प्रमाण पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम थर | सेवा शुरु गरेको मिति | सुविधा भुक्तानी दिने अवधी | पाउने सेवा सुविधा |
|---|---|---|---|---|
| १ | श्री सविना थापा | २०८०/४/६ | २०८० भाद्र मसान्त | मासिक सहायकस्तर चौथो तह सरह |
| २ | श्री निरोज बस्नेत | २०८०/४/६ | २०८० भाद्र मसान्त | मासिक सहायकस्तर चौथो तह सरह |
| ३ | श्री पृथ्वीमान तामाङ | २०८०/५/१ | २०८० भाद्र मसान्त | मासिक सहायकस्तर चौथो तह सरह |
| ४ | श्री सीताराम खरेल | २०८०।२।२० | | मासिक दश हजारका दरले ३ महिनाको तीस हजार |

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५ | श्री रामचन्द्र जिसी | २०८०।२।२० | | मासिक दश हजारका दरले ३ महिनाको तीस हजार |

लम्पी स्कीन रोगको पशुहरुमा अझै पनि समस्या देखिने क्रम जारी रहेको र सो कार्य रोकथामको लागि मिति २०८० आश्विन १ गतेदेखि आश्विन मसान्त सम्म थप १(एक) महिना कामकाज गर्न चाहेमा उक्त अवधिमा कामकाज गर्ने प्राविधिक कर्मचारीको लागि नेपाल सरकारले उपलब्ध गर्ने न्युनतम पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथी छलफल गर्दा आ.व. २०७९/८० मा सञ्चालित योजना तथा कार्यक्रमहरुको वार्षिक समीक्षा बैठक वस्ने सम्वन्धमा छलफल हुँदा चालु आ.व.को प्रथम चौमासिक अवधि २०८० कार्तिक मसान्त भित्र उपयुक्त मितिमा वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथी छलफल गर्दा कक्षा ६ को दिवा खाजा रकम भुक्तानी दिने सम्बन्धमा छलफल हुँदा विगत्का बर्षहरुमा प्रदान गर्दै आएको कक्षा ६ का विद्यार्थीहरुका लागि चालु आ.व.मा समेत दीवा खाजा नियमित रुपमा उपलब्ध गराउनको लागि केहि थप रकम आवश्यक पर्ने भएकोले उक्त खाजा व्यवस्थाको मिल्दोजुल्दो शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथी छलफल गर्दा सुनकोशी गाउँपालिकामा कर्मचारीको मनोबल बढाउनको लागि कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथी छलफल गर्दा यस सुनकोशी गाउँपालिकाको भू-भाग विकट रहेको पालिकाको ५ नम्बर वडा र २ नम्बर वडा छिमेकी जिल्ला काभ्रेसँग सीमाना जोडिएको र भौगोलिक हिसावले टाढा भएको र अस्पतालसँग बिरामी बोक्ने सवारी साधन नभएको कारण बिरामीहरुलाई समस्या परिरहेको हुँदा यस अस्पतालको नाममा एक एक पाईला नामक संस्थाले आर्थिक एवं प्राविधिक सहयोग गरिरहेको र गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत समेत प्रयाप्त मात्रामा नभएको कारण अस्पताल (सुनकोशी आभारभूत अस्पताल) सञ्चालनका लागि गाउँपालिकाले सहयोग गर्दै आएको अवस्था छ । हालका दिनहरुमा छिमेकी वडाहरु बाट विरामी ल्याउन र लानको लागि एम्बुलेन्स आवश्यक रहेको र विरामीहरुको उपचारको लागि यस अस्पतालका अतिरिक्त उपचारको लागि खाडीचौर, धुलिखेल र काठमाडौं सम्म बिरामीहरु

दीपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

लैजानको लागि एउटा एम्बुलेन्सको अत्यावश्यक भएकोले एक थान एम्बुलेन्स एम्बुलेन्स उपलब्ध गराईदिन काठमाडौं महानगरपालिकालाई अनुरोध (माग) गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथी छलफल गर्दा सुनकोशी गाउँपालिका वडा नं. ३ कालिकामा हाल सञ्चालनमा रहेको वडा कार्यालयको अतिरिक्त साविक कालिका गा.वि.स. वडा नं. १, २ र ३ को पुरानकोट भन्ने स्थानबाट समेत सेवा सुविधा उपलब्ध गराई पाउन माग भई आएकोले यस सम्बन्धमा छलफल हुँदा शुरु शुरुमा समेत वडा कार्यालयले जनताहरुको सुविधाका लागि पायक पर्ने अन्य स्थानबाट समेत सेवा दिँदै आएकोमा हाल सुनकोशी गाउँपालिका वडा नं. ३ को पुरानकोटबाट समेत सेवा प्रदान गर्न अनुमती दिने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथी छलफल गर्दा सुनकोशी गाउँपालिकाका महिला दिदीवहिनीहरुले तीज पर्व, २०८० मनाउने सम्बन्धमा आर्थिक सहयोग माग गरेकोले सहयोग प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा सम्भव भएसम्म गाउँपालिका भरका महिलाहरुलाई समेट्ने गरी पालिका स्तरीय तीज कार्यक्रम मनाउने र सो सम्भव नभएमा वडा स्तरिय रुपमा तीज विशेष कार्यक्रम संचालन गर्ने र सो कार्यका लागि बढीमा रु.४५ (पैतालिस) हजार रुपैयाँ सम्म खर्च गर्ने र सो कार्य समाप्त गरी भुक्तानीका लागि खर्च भएको वील, भर्पाई पेश गरी सोधभर्ना भुक्तानी मांग गर्न लगाई माग अनुसारको कार्यक्रममा खर्च भएको रकम सोधभर्ना भुतानी दिने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथी छलफल गर्दा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा छलफल हुँदा हाल फाजिलमा रहेका केही आधारभूत तहका शिक्षकहरुको व्यवस्थापन गर्नुपर्ने भएकोले मिति २०८०।५।१० गते बसेको शिक्षा समितिको बैठकको सिफारिस कार्यान्वयन गर्ने क्रममा भुमेश्वरी आ.वि. सुनकोशी ३ को सरला लामालाई महेन्द्र कान्ति मा.वि.मा दरबन्दी सहित सरुवा गर्ने, सेतिदेवी आ.वि. सुनकोशी ५ का प्रा.शि. राहत तर्फको श्री शान्ति धामीलाई श्री गणेश मा.वि. मा दरबन्दी सहित सरुवा गर्ने, देउराली आधारभूत विद्यालयका चित्र बहादुर थापालाई दिवास आभारभूत विद्यालयमा सरुवा गर्ने, दिवास आभारभूत विद्यालयका नयाँ राहत शिक्षक श्री दिपेन्द्र प्रकाश मल्ललाई टोकर्पा माध्यमिक विद्यालय सरुवा गरी कामकाज गर्न खटाउने र वडा नं. ३ को कालिका आधारभूत विद्यालयमा जाल्पा मा.वि.कोटेका प्रा.शि.श्री रेशम श्रेष्ठलाई

रविन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

दरबन्दी सहित सरुवा गरी कामकाज गर्न खटाउने र जाल्पा मा.वि. कोठेमा ईसिडी दरबन्दी एक माग भई आएकोले माग अनुसार जाल्पा मा.वि. कोठेमा ईसिडी दरवन्दी एक थप दिने निर्णय गरियो साथै गाउँपालिकामा कार्यरत शिक्षकहरुको व्यवस्थापन गर्दै जाने क्रममा फाजिलमा रहेका शिक्षकहरुको क्रमश: व्यवस्थापन भए सँगसँगै यस अघि गाउँपालिका अनुदानवाट तलब भत्ता खदि आएका टोकर्मा मा.वि., बाघ भैरव मा.वि., बाल शिक्षा आ.वि., महेन्द्र कान्ति मा.वि. र गणेश मा.वि. को प्रा.वि. दरबन्दी हटाइने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ माथी छलफल गर्दा रासायनिक मलको विकी मूल्य स्वीकृत गर्ने सम्बन्धमा छलफल हुँदा आर्थिक विकास समितिका संयोजक श्री ईधर तामाङ्को संयोजकत्वमा मिति २०८०।५।२१ गते बिहान बसेको बैठकवाट नेपाल सरकारबाट अनुदानमा प्राप्त हुने रासायनिक मलको मूल्य निर्धारण गर्ने सम्वन्धमा रासायनिक मल डिलरसीप प्राप्त सहकारी संस्थाहरुवाट मूल्य बुद्दीको माग भई आएको हुँदा समय सापेक्ष यस सुनकोशी गाउँपालिका भरका वडाहरुमा तपसिल अनमार मूल्य कायम गर्ने निर्णय गरियो ।

तपिसल

| क्र.सं | मल विक्री हुने वडाहरु | मलको प्रकार | | | कैफियत |
|---|---|---|---|---|---|
| | | युरिया | डियपी | पोटास | |
| १ | सुनकोशी गाउँपालिका वडा नं १, २, ३,४ र ६ | १२५० | २६५० | २००० | |
| २ | सुनकोशी गाउँपालिका वडा नं ५ | १२८० | २६८० | २०३० | |
| ३ | सुनकोशी गाउँपालिका वड़ा न ७ | १२२० | २६२० | २००० | |

१२ प्रस्ताव नं १२ माथी छलफल गर्दा अव्यवस्थित बसोवासी प्रमाणित सिफारिस सम्बन्धमा छलफल हुँदा भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा कम्तीमा १० वर्ष अघिबाट निज वा निजको परिवारले आवाद कमोत गरी आएको हो भनी सुनकोशी गाउँपालिका वडा न. ७ को बड़ा कार्यालयबाट श्री...................... ................ सिफारिस भै आएको हुँदा सोहि अनुसार सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

१३. प्रस्ताव नं १३ माथी छलफल गर्दा मोटरसाईकल खरीद र सो बापत भुक्तानी दिने सम्बन्धमा छलफल हुँदा सुनकोशी गाउँपालिकाको चालु आ.व. २०८०/८१ का लागि सुनकोशी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुनकोशी गाउँपालिकाबाट सचालित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन कार्यको लागि बजेट उप शिर्षक नं १.३.१ यन्त्र उपकरण खरीद कार्यका लागि विनियोजन गरिएको वजेट रु २८ लाख मध्येबाट अफरोड उपयोग गर्न मिल्ने मोटरसाईकल टेण्डर प्रक्रियाको माध्यमबाट खरीद गरी सोही शिर्षकबाट भुक्तानी हुने गरी खरीद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

१४. प्रस्ताव नं १४ माथी छलफल गर्दा तारजाली र पाईप खरीद गर्ने सम्बन्धमा छलफल हुँदा सुनकोशी गाउँपालिकाको विभिन्न वडाहरुमा विपदजन्य कार्यमा उपयोग हुनेगरी पालिका स्तरीय विपद व्यवस्थापन समितको निर्णय अनुसार आवश्यक्ताको आधारमा वितरन गर्न तारजाली रु १५ पन्ध्र लाख र एचडिपि पाईप रु १९ (उन्नाईस) रुपैयाँ बराबरको प्रचलित नियमानुसार शिलवन्दी दरभाउ पत्रको माध्यमबाट खरीद गर्ने निर्णय गरियो ।

CamScanner